# WORLD MERIT POKHARA

Nepal

POKHARA

Estd: 2074

Reg: 3822
SWC Reg: 50298
Ref No.: ०७६/७७/०९ Date२०७६/०९/२७ गते

**प्रेस विज्ञप्ती**

मेरिट पोखरा नामक संस्थाले स्थापनाकाल देखिनै, सामाजिक तथा आर्थिक क्षेत्रको उन्नतिको निम्ति, स्थानिय र नीतिगत तहमा विविध कार्यक्रम/गतिविधि गर्दै आइरहेको कुरा सर्वाबिबिदै छ। साथमा संयुक्त राष्ट्र संघले विकाशॊन्मुख रास्ट्रको सर्वाङ्घिण विकासका लागी जारि गरेको र नेपाल सरकार ले आत्मसाथ गरेको दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणमा विषेश भूमिका खेल्दै आएको कुरा स्मरण गराउन चाहन्छौँ । त्यसै अन्तर्गत, नेपालको शान्ति सुरक्षा तथा अमनचयन मा एउटा प्रमूख बाधक को रुपमा उदाउँदै गरेको विधुतीय अपराध लाई, प्रविधि कै माध्यम द्वारा न्यूनीकरण गर्ने लक्ष्य अनि दिगो विकासको १६ औँ लक्ष्य को समर्थन गर्दै नेपालका साते प्रदेशमा विशेष अभियान संचालन गर्न लागिरहेको र यस अभियानको पहिलो चरणको कार्यक्रम गण्डकी प्रदेशबाट नै गर्नलागेको पुन:जानकारी गराउन चाहन्छौँ।

सोही अनुरुप, आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेशकोआयोजना,मेरिट पोखरा को संयोजन अनि गण्डकी प्रदेश प्रहरी कार्यालयको समर्थनमा गरिएको यस विशेष कार्यक्रमको महत्वपूर्ण अंश, विधुतीय प्रविधि प्रहरी प्रशिक्षण कार्यक्रममा विभिन्न कार्यालय मातहतका IT कर्मीहरु पौष महिना २७ गतेका दिन, पोखरामा उपस्थित भएका थिए। ४० जनाको प्रशिक्षार्थी समुहलाई काठमाण्डू स्थित ३ विशेष प्रशिक्षक र संयूक्त राज्य अमेरिकाको सियाटल स्थित एक प्रभावशाली प्रशिक्षक द्वारा अन्तरास्ट्रिय स्थर को प्रशिक्षण दिई एको थियो।

त्यसैगरी प्रशिक्षण पाठ्यक्रम तयारी संजय भण्डारीको नेतृत्व अनि प्रहरी प्रशिक्षक प्रहरी-उपरीक्षक दान बहादुर कार्कीको निग्रानीमा CryptoGen Nepal ले गरेको थियो।

उक्त एक दिवसीय प्रशिक्षण कार्यक्रममा स्थलगत सहयोग Informatics College Pokhara ले गरेको थियो। भने सन्ध्याकालीन छलफल आयोजनामा ब्यंजन रेस्टुरेन्ट ले आंशिक सहयोग गरेको थियो। उक्त कार्यक्रमको महत्वपूर्ण अंश www.cyberspace.meritpokhara.org.np बाट सम्प्रेषण गरिएको थियो भने भिडियो सामग्री मेरिट पोखराको वेब मा राखिने छ। सम्पूर्ण डिजिटल सामग्री भने ४९ हावोर्स स्टुडियो ले तयार गरेको थियो।

आजको समयमा, निकै संबेदनशील रहेको विधुतीय विश्वमा, हुन सक्ने आक्रमण र त्यसको प्रतिरक्षा का निम्ति तयार गर्नुपर्ने संयन्त्रको लागि कोषे ढुंगा सावित हुने यसप्रकारका कार्यक्रममा आवश्यक समन्वय गरिदिनुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता जाहेर गर्दछौँ।

अभियान प्रवक्ता,

……………..
संजय भण्डारी
अध्यक्ष्य, मेरिट पोखरा

इमेल: sbhandari@meritpokhara.org.np || वेब : www.cyberspace.meritpokhara.org.np